nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

21°C । वर्ष :११, अंक : १८३ पृष्ठ ४ । बुधबार २७ फागुन २०८२ । WEDNESDAY,MARCH 11, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पूर्व मुख्यमन्त्री गद्दीको वडामा जसपा नेपाललाई जम्मा ३९ मत, पर्सा-१ का उम्मेदवार यादवको जमानत जफत




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२६ फागुन ।**

पूर्व मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीको वडामै जनता समाजवादी पार्टी (जसपा) नेपालले जम्मा ३९ मत मात्र प्राप्त गरेको छ । प्रतिनिधि सभा निर्वाचन २०८२ मा पर्सा क्षेत्र नं. १ र २ सहित सबै निर्वाचन क्षेत्र जित्ने दाबी गर्दै आएका गद्दी बस्ने वीरगंज महानगरपालिका वडा नं. १३ तेजारथ टोल मुर्लीमा जसपा नेपालको चुनाव चिन्ह 'छाता'ले जम्मा ३९ मत मात्रै प्राप्त गरेको हो । आफूलाई पार्टीका वरिष्ठ नेता बताउँदै आएका लालबाबु राउतको यस्तो नतिजा देखेर पार्टीभित्रैका नेताहरू पनि आश्चर्यचकित भएका छन् । गद्दीसँगै पर्सा निर्वाचन क्षेत्र नं. १ बाट उम्मेदवार बनेका जसपा नेपाल पर्सा जिल्ला अध्यक्ष रामनरेश यादवको जमानत जफत भएपछि दुबै नेताको जनाधार कति रहेको भन्ने विषय थप स्पष्ट भएको चर्चा भइरहेको छ । यता, जसपा नेपाल पर्साका अध्यक्षसमेत रहेका उम्मेदवार यादव बस्ने वीरगंज महानगरपालिका वडा नं. २८ मा पनि 'छाता'लाई जम्मा २५ मत मात्रै प्राप्त भएको बताइएको छ ।

पार्टीभित्रका केही नेताहरूका अनुसार मधेश प्रदेशका विवादित पूर्व मुख्यमन्त्री गद्दीमाथि लागेको भ्रष्टाचार आरोप र जिल्ला अध्यक्ष यादवको नेतृत्वका कारण पर्सामा जसपा नेपालको संगठन कमजोर बनेको हो । एक समय पर्सामा पहिलो पार्टी बनेको जसपा

बाँकी अन्तिम पृष्ठमा⇨

## जनताको मन जित्यौं, तर मत जित्न सकेनौं : कुलमान घिसिङ



**काठमाडौं,२६ फागुन ।**

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ ले प्रतिनिधिसभा निर्वाचनमा आफ्नो पार्टीले मतमा जित हासिल गर्न नसके पनि जनताको मन जित्न सफल भएको दाबी गरेका छन् ।

मंगलबार सामाजिक सञ्जाल फेसबुकमार्फत निर्वाचन परिणामबारे प्रतिक्रिया दिँदै घिसिङले परिवर्तनको अपेक्षासहित भारी जनमत प्राप्त गरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सुशासन र समृद्धिको आकांक्षा पूरा गर्न शुभकामना दिएका छन् । उनले नयाँ सरकारले गर्ने सकारात्मक काममा समर्थन रहने तर गलत काम भए सडकबाटै रचनात्मक खबरदारी गर्ने पनि स्पष्ट पारेका छन् । लामो स्टाटसमार्फत उनले देशको प्रशासनिक तथा विकास प्रणालीप्रति आलोचना गर्दै एउटा पुल बनाउन १५ वर्ष लाग्ने र काम नगर्ने ठेकेदारलाई कारबाही गर्न नसक्ने परिपाटीले विकास अवरुद्ध भएको उल्लेख गरेका छन् । उनका अनुसार समस्या घोषणामा होइन, कार्यान्वयनको कमजोरीमा रहेको छ, जसका कारण बजेट खर्च हुन नसक्ने र जनताको अपेक्षा निराशामा परिणत हुने अवस्था देखिएको छ । घिसिङले विगतमा आफूले गरेका कामहरूको उदाहरण पनि प्रस्तुत गरेका छन् । उनले देशमा १८ घण्टासम्मको लोडसेडिङ अन्त्य, ५८ प्रतिशतबाट ९९ प्रतिशत घरधुरीमा विद्युतीकरण विस्तार तथा नेपाललाई विद्युत् आयातकर्ताबाट निर्यातकर्तातर्फ अघि बढाएको उल्लेख गरेका छन् । यसका साथै विभिन्न जिम्मेवारी सम्हाल्दा बञ्चरेडाँडाको फोहोर व्यवस्थापन समस्या समाधान, मेलम्ची खानेपानी आयोजना सञ्चालन, तातोपानी नाका खुलाउने तथा अलपत्र आयोजनाका ठेक्का तोड्ने जस्ता काम भएको दाबी गरेका छन् । निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन योगदान दिने

बाँकी अन्तिम पृष्ठमा⇨

## पूर्वअर्थमन्त्रीमध्ये केवल वर्षमान पुन विजयी, अन्य सबै पराजित



**काठमाडौं,२६ फागुन ।**

गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवारी दिएका पाँच पूर्वअर्थमन्त्रीमध्ये वर्षमान पुन मात्र निर्वाचित हुनुभएको छ ।

निर्वाचन आयोगका अनुसार पूर्वअर्थमन्त्री पुन रोल्पाबाट २७ हजार ४६० मत ल्याएर निर्वाचित हुनुभएको हो । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका सुदनकुमार वलीले १२ हजार आठ मत प्राप्त गर्नुभएको आयोगले जनाएको छ । निर्वाचनमा प्रतिस्पर्धी पूर्वअर्थमन्त्री डा । प्रकाशशरण महत भने नुवाकोट क्षेत्र नं । १ मा पराजित हुनुभएको छ । निर्वाचनमा उहाँले १८ हजार ५९७ मत प्राप्त गर्नुभएको थियो । यस क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा० का विक्रम तिमिल्सिना २२ हजार ५० ९ मतसहित निर्वाचित हुनुभयो ।

पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेल पनि रुपन्देही-२ बाट रास्वपाका सुलभ खरेलसँग पराजित हुनुभएको छ । विजयी खरेलले ५६ हजार ५५० मत ल्याउँदा पौडेलले १२ हजार ८६१ मत प्राप्त गरेको आयोगले जनाएको छ ।

रुकुमपश्चिमबाट उम्मेदवारी दिएका पूर्वअर्थमन्त्री जनार्दन शर्मा पनि पराजित हुनुभएको छ । उहाँ १४ हजार ३४६ मतसहित सो क्षेत्रमा तेस्रो स्थानमा रहनुभएको छ । सो क्षेत्रमा नेपाली कम्युनिस्ट पार्टीका गोपाल शर्माले २१ हजार ६०१ मत ल्याएर विजयी हुनुभयो ।

पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की पनि निर्वाचनमा पराजित

बाँकी अन्तिम पृष्ठमा⇨

## बसरुद्दिन अन्सारीको पार्टी प्रवेशले १०० मत पनि नबढेको कांग्रेसभित्रै चर्चा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२६ फागुन ।**

निर्वाचनको केही दिन मात्रै बाँकी रहँदा नेपाली कांग्रेसमा प्रवेश गरेका बसरुद्दिन अन्सारीले पर्सा क्षेत्र नं. १ का कांग्रेस उम्मेदवार अनिल रुङ्गटालाई १०० मत पनि थप्न नसकेको चर्चा अहिले कांग्रेसभित्रै हुन थालेको छ । सत्ताको वरिपरि घुमिरहने छवि बनाएका अन्सारीले निर्वाचनको मुखमै कांग्रेसमा प्रवेश गर्दै 'घरफिर्ती' भएको दाबी गरेका थिए । उनले आफ्नो प्रवेशसँगै पर्सा-१ मा कांग्रेसको जित सुनिश्चित भएको दाबीसमेत गरेका थिए । तर निर्वाचन परिणामले उनको दाबीलाई गलत सावित गरिदिएको कांग्रेस नेताहरूको भनाइ छ । निर्वाचन परिणाम अनुसार कांग्रेस उम्मेदवार रुङ्गटा तेस्रो स्थानमा सीमित भए । देशभरझैं पर्सा-१ मा पनि रास्वपाले जित हासिल गर्दा नेकपा एमालेका उम्मेदवार प्रदीप यादव दोस्रो स्थानमा रहेर आफ्नो राजनीतिक साख जोगाउन सफल भए । राजनीतिक विश्लेषकहरूका अनुसार रुङ्गटाको कमजोर मत परिणामका पछाडि बसरुद्दिन अन्सारीजस्ता सहयोगी तथा कांग्रेसका केही चुनावी कमाण्डरहरूको रणनीतिक कमजोरी पनि जिम्मेवार रहेको देखिएको छ । कांग्रेस वृत्तका अनुसार उम्मेदवार रुङ्गटा स्वयंले पनि निकट साथीहरूसँगको अनौपचारिक कुराकानीमा अन्सारीको कांग्रेस प्रवेशले १०० मत पनि 'प्लस' नभएको गुनासो गर्ने गरेका छन् ।

यसअघि नेकपा एमालेमा रहँदा आफ्नो जनमत घटेको मूल्यांकन भएपछि अन्सारीले पार्टीभित्र साख गुमाएका थिए । त्यसपछि भविष्यमा नेपाली राजनीतिमा उदाउँदो ताराका रूपमा हेरिएका कांग्रेस नेता गगन थापाको विश्वासमा रुङ्टा क्याम्पमा प्रवेश गरेको बताइन्छ । तर उनको आगमनले पनि रुङ्गटाको चुनावी परिणाममा कुनै सकारात्मक प्रभाव पार्न सकेन । निर्वाचनअघि अधिकांश एक्जिट पोल र राजनीतिक विश्लेषणहरूले पर्सा-१ मा कांग्रेस र एमालेबीच कडा प्रतिस्पर्धा हुने आकलन गरेका थिए । तर अन्तिम परिणाम आउँदा प्रतिस्पर्धा रास्वपा र एमालेबीच सीमित भयो भने कांग्रेस उम्मेदवार रुङ्गटा खेलमै बाहिरिएजस्तै देखिए । मतगणनाको परिणाम सार्वजनिक भएपछि वडा-वडाबाट ठूलो मत दिलाउने प्रतिबद्धता गरेका नेताहरू अहिले रुङ्गटासँग भेटघाट गर्नसमेत हिच्किचाउन थालेको चर्चा कांग्रेस वृत्तमा भइरहेको छ ।

## जगरनाथपुरबाट २१३ केजी गाँजासहित ट्याक्टर बरामद



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२६ फागुन ।**

पर्साको जगरनाथपुर गाउँपालिका-४ बाट प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजासहित एक ट्याक्टर नियन्त्रणमा लिएको छ । सोमबार राति इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट प्रहरी निरीक्षक समुन्नत अधिकारीको नेतृत्वमा खटिएको प्रहरी टोलीले करिब २ सय १३ केजी गाँजासहित मे १ त ५७१४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार पटेर्वा सुगौली गाउँपालिका-१ सोनवर्षाबाट गाँजा लोड गरेर भारततर्फ लैजाँदै गरेको विशेष सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको थियो । सोनवर्षाबाटै ट्याक्टरलाई पछ्याउँदै गएको प्रहरी टोली जगरनाथपुर गाउँपालिका-४ पुगेपछि तस्कर हरूले गाँजासहितको ट्याक्टर छाडेर फरार भएका थिए । प्रहरीले ट्याक्टरमा रहेको गाँजा बरामद गरी नियन्त्रणमा लिएको जनाएको छ । ट्याक्टरका धनी तथा गाँजा तस्करहरू सोनवर्षा गाउँका रहेको प्रारम्भिक जानकारी प्राप्त भए पनि, उनीहरूको पहिचान भने सार्वजनिक गरिएको छैन । बरामद गाँजासहितको ट्याक्टर हाल इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीमा राखिएको छ । फरार रहेका चालक, ट्याक्टर धनी तथा संलग्न तस्कर हरूको खोजी कार्य भइरहेको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिएका छन् ।

## बीरगन्जमा लामखुटेको प्रकोप बढ्दै, स्थानीय चिन्तित



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२६ फागुन ।**

पछिल्लो समय बीरगन्जका विभिन्न टोल-बस्तीमा लामखुटेको संख्या अत्यधिक बढ्न थालेपछि स्थानीय बासिन्दा चिन्तित बनेका छन् । साँझपख र रातिको समयमा लामखुटेको समस्या झन् बढ्दै गएको भन्दै नागरिकले स्वास्थ्य जोखिमको डर व्यक्त गरेका छन् । स्थानीयका अनुसार लामो समयदेखि टोल-टोलमा लामखुटे नियन्त्रणका लागि औषधि छर्किने काम नियमित रूपमा हुन सकेको छैन । यसका कारण लामखुटेको प्रकोप बढ्दै गएको उनीहरूको भनाइ छ । लामखुटे बढेसँगै डेंगु, मलेरिया जस्ता रोग फैलिने जोखिम पनि बढ्न सक्ने भएकाले समयमै नियन्त्रणका उपाय अपनाउनुपर्ने स्थानीयको माग छ । उनीहरूले सम्बन्धित निकायले छिटो औषधि छर्किने अभियान सञ्चालन गरी समस्याको समाधान गर्न ध्यान दिनुपर्ने बताएका छन् । उनीहरूले स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै सरोकारवाला निकायले शीघ्र पहल गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## आयोगको प्रतिवेदनप्रति अपेक्षा

नेपालमा ठुला राजनीतिक परिवर्तनका क्रममा शासनमा बस्नेबाट सत्ताको दुरुपयोग चरम हुने गरेको लामै शृङ्खला छ । जनबलका आधारमा राजनीतिक परिवर्तन हुँदै जाँदा देशले संवैधानिक रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेको छ । यो अभ्यासका क्रममा देश भने नागरिकले चाहेको दिशामा अगाडि बढ्न सकेन । चाहेको आर्थिक तथा सामाजिक विकास हुन सकेन । सुशासन कायम भएन । भ्रष्टाचार न्यूनीकरणमा काम कम र बढी गफ भएको भन्दै आलोचना हुन थाल्यो । अर्थतन्त्र चाहेको दिशामा अगाडि बढ्न नसक्दा आय, उत्पादन र रोजगारी वृद्धि हुन सकेन । यसले जनअसन्तुष्टि बढ्न थाल्यो । जनअसन्तुष्टि नवयुवापुस्ता अर्थात् जेनजीका माध्यमबाट सडकमा पोखियो । त्यसमा शासकीय ज्यादती हुन पुग्यो । जनधनको व्यापक क्षति भयो । गत भदौ २३ र २४ गतेको विद्रोहले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार विस्थापित भयो । निर्वाचन गराउन पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । नयाँ सरकारले जेनजी आन्दोलनको जाँचबुझ गर्न न्यायिक आयोग बनायो । निर्वाचन सम्पन्न भएपछि आयोगले आइतबार सरकारलाई प्रतिवेदन बुझाएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा आयोजित कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीलाई आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले प्रतिवेदन बुझाउनुभयो । प्रधानमन्त्रीका अनुसार अब यो प्रतिवेदन मन्त्रीपरिषद्मा प्रस्तुत हुने छ ।

आयोगले भदौ २३ र २४ गतेको घटनाक्रमलाई विस्तृत अध्ययन गरेर तयार पारेको हो । प्रतिवेदन गहन अध्ययन गरी कार्यान्वयन गरिने छ । आवश्यक परे प्रतिवेदनको सार पनि सार्वजनिक हुन सक्ने छ । प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै जेनजी आन्दोलनका विषयमा जाँचबुझ गर्न गठित न्यायिक आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले प्रतिवेदनको चुरो सुनाउनुभयो । उहाँका अनुसार नवपुस्ता आन्दोलनका क्रममा गोली हान्ने, हान्न लगाउने, गोली नरोक्न जिम्मेवार भूमिका निर्वाह गरेका सबै कारबाहीको सिफारिसमा परेका छन् । कार्कीले स्पष्ट गर्नुभयो, "सरकारले हामीलाई जाँचबुझ आयोग ऐनबमोजिम छानबिन गर, जाँचबुझ गर भन्यो । गत भदौ २३ गतेको घटनामा कसकसो कमजोरी हो ? के कारबाही गर्ने हो सिफारिस गरेका छौं ।" जेनजी विद्रोहका क्रममा ७६ जनाको ज्यान गयो । सरकारी संरचनामा आगजनी भयो । कार्यकारी सचिवालय सिंहदरबार जल्यो । न्यायपालिकाका धरोहर जले । सर्वोच्च अदालत र त्यसका दस्तावेज जलेर नष्ट भए । विधायिका भवन जल्यो । यस्ता अनेक सरकारी संरचना मात्र जलेनन्, निजी क्षेत्रमा पनि ठुलो आगजनी र तोडफोड भयो । उद्योग प्रतिष्ठानमा आगजनी र लुटपाट भयो । आयोगले यी सबै विषयमा गहिरो अध्ययन गरेको हुनु पर्छ । आयोगका प्रमुख कार्कीले देश र जनताको पक्षमा आफूहरूले काम गरेको दाबी पनि गर्नुभएको छ । प्रतिवेदन बुझाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै आयोगका सदस्य विज्ञानराज शर्माले मुख्यतः भदौ २३ र २४ गतेका घटनालाई नै मिहिन ढङ्गले हेरेर अध्ययन गरेको जानकारी दिनुभएको छ । प्राप्त जानकारी अनुसार आयोगको प्रतिवेदन नौ सयभन्दा बढी पृष्ठको छ । त्यस क्रममा दुई सय जनाभन्दा बढीको बयान लिइएको छ । आवश्यक तथ्याङ्क र प्रमाण सङ्कलन गरिएको छ । आयोगले गल्ती गरेकालाई कारबाहीको सिफारिस गरेको छ । गलत काम गर्नेलाई अनुसन्धान गरेर फौजदारी अभियोगसम्मका सिफारिस गरेको छ भने राम्रो काम गर्नेलाई पुरस्कारको समेत सिफारिस गरेको भनिएको छ । अब आयोगको प्रतिवेदन सरकारको सम्पत्ति भएको छ । विगतका राजनीतिक परिवर्तनमा पनि मल्लिक आयोग बनेको थियो, रायमाझी आयोग बन्यो, अनेक आयोग बने । ती आयोगका प्रतिवेदन कार्यान्वयन त के कुरा ? कतिपय सार्वजनिकसम्म पनि हुन सकेनन् । पूर्वसभामुख स्वर्गीय दमननाथ ढुङ्गानाले त्यस्ता आयोगप्रति असन्तुष्टि व्यक्त गर्दै "नेपालमा आयोग भनेको आयो र गयो जस्तो मात्र भयो" भन्नुहुन्थ्यो । अब कार्की आयोगको प्रतिवेदन त्यस्तो नहोस् । यसमा प्रधानमन्त्रीका भनाइ पनि महत्वपूर्ण छन् । प्रतिवेदन ग्रहण गर्दै आफू र गृहमन्त्रीले अध्ययन प्रतिवेदन मन्त्रीपरिषद्मा पेस गरेर कार्यान्वयनमा लैजाने प्रतिबद्धता प्रधानमन्त्रीको छ ।

# किन बढ्दै छ मानव-वन्यजन्तु द्वन्द्व ?



**रमेशकुमार थापा**

बाँके र बर्दिया जिल्लामा पछिल्ला वर्षहरूमा बाघ तथा चितुवाको आक्रमणबाट मानिसको मृत्यु हुने क्रम चिन्ताजनक रूपमा बढ्दो छ । हरेक साता र महिना दोहोरिने यस्ता घटनाले पीडित परिवार र समुदायलाई मात्रै होइन, समग्र राज्य संयन्त्र, जैविक विविधता संरक्षण प्रणाली तथा मानव सुरक्षाको अवधारणालाई नै गम्भीर प्रश्नको घेरामा ल्याएको छ । स्थानीय सरकार, जिल्ला प्रशासन, सुरक्षा निकाय, राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय तथा स्थानीय समुदाय आ-आफ्नो तहबाट सक्रिय रहेको देखिए पनि व्यावहारिक रूपमा मानवीय क्षति न्यूनीकरण हुन सकेको छैन । यो अवस्थाले अब 'दुर्घटना', 'संयोग' वा 'वन्यजन्तुको स्वभाव' भनेर पन्छाउन मिल्ने चरण पार गरिसकेको छ । यसले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा रहेको संरचनागत कमजोरी, संस्थागत समन्वयको अभाव तथा वैज्ञानिक निर्णय प्रक्रियाको न्यून प्रयोगलाई स्पष्ट रूपमा उजागर गरेको छ । पछिल्ला घटनाहरूको वैज्ञानिक विश्लेषण गर्दा गाउँतस्ती वरिपरि देखापर्ने हरूवा, घाइते, वृद्ध वा अशक्त बाघहरू मानव आक्रमणका प्रमुख कारकका रूपमा देखिएका छन् । बाघ एक अत्यन्तै क्षेत्रीय प्रजाति हो, जहाँ बलिया बाघले कमजोर बाघलाई आफ्नो मूल क्षेत्रबाट विस्थापित गर्छन् । यसरी विस्थापित कतिपय बाघ घाइते वा शारीरिक रूपमा कमजोर भएर प्राकृतिक सिकार गर्न असक्षम हुन्छन् । जंगलभित्र आवश्यक आहारा उपलब्ध नहुँदा न्यून जोखिम र न्यून ऊर्जा खर्च हुने आहारा खोज्दै मानव बस्ती नजिक प्रवेश गर्छन् । यसको अन्तिम परिणाम प्रायः मानव आक्रमण हुने गरेको छ । त्यसैगरी, बाघसँगको प्रतिस्पर्धाका कारण निकुञ्ज तथा मध्यवर्ती क्षेत्र बाहिर विस्थापित भई मानव बस्ती नजिक आउँछ- चितुवा । जंगलबाहिर प्राकृतिक आहारा (मृग, साना स्तनधारी) उपलब्ध नहुँदा चितुवाले कुकुर, बाखा हुँदै क्रमशः मानिसलाई समेत सिकार बनाउन थाल्ने गरेको विभिन्न अध्ययनले देखाएका छन् । विशेषगरी, कुनै क्षेत्रमा चितुवाले कुकुर मार्न थाल्नु उच्च जोखिम संकेत मानिन्छ । यसरी, नयाँ क्षेत्रमा बाघको गतिविधि देखिनु, बाघद्वारा घरपालुवा जनावर मारिनु वा चितुवाद्वारा कुकुर मारिनु- यी सबै घटनालाई प्रारम्भिक चेतावनी संकेतका रूपमा लिएर तत्काल अध्ययन र हस्तक्षेप गर्न सके सम्भावित मानवीय क्षति रोक्न सकिने स्पष्ट वैज्ञानिक आधार छ । यस्ता संकेतलाई समयमै गम्भीर रूपमा नलिइनु नै मानव-बाघ तथा चितुवा द्वन्द्व आज भयावह बन्दै जानुको प्रमुख कारण हो । कुनै नयाँ क्षेत्रमा बाघ वा चितुवाको गतिविधि देखिनु स्वयंमा आपत्कालीन अवस्था हो । तर, व्यावहारिक रूपमा यस्ता घटनालाई 'सामान्य' ठान्ने प्रवृत्ति अझै हावी छ । बाघले गाई-भैंसी मार्दा वा चितुवाले गाउँमा कुकुर मार्न थालेपछि तत्काल वैज्ञानिक विश्लेषण, जोखिम मूल्यांकन तथा निरन्तर अनुगमन हुनु जरुरी छ । संस्थागत रूपमा हेर्दा राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यालयमा जनशक्ति अपर्याप्त छ । कार्यरत कर्मचारी आफ्नै नियमित प्रशासनिक तथा संरक्षणसम्बन्धी जिम्मेवारीमा व्यस्त छन् । सबै कर्मचारीमा बाघ तथा चितुवाको व्यवहार, चालचलन, जोखिम मूल्यांकन तथा नियन्त्रण प्रविधिबारे विशेष दक्षताको अभाव छ । यही कारण घटना हुनुअघि रोकथाम र घटना भइसकेपछि प्रभावकारी हस्तक्षेप- दुवै पक्ष कमजोर देखिन्छन् । **अबको बाटो**

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनको वर्तमान अवस्थाले अब घटना घटेपछि मात्रै प्रतिक्रिया दिने प्रणाली होइन, घटना हुनुअघि नै वैज्ञानिक आधारमा हस्तक्षेप गर्ने प्रणालीको खाँचो टड्कारो रूपमा देखिएको छ । यसका लागि 'तत्काल कार्य टोली' को गठन र परिचालन पहिलो र अत्यावश्यक कदम हो ।

तत्काल कार्य टोली एक बहुविषयगत टोली हुनुपर्छ, जसमा वन्यजन्तु विज्ञ, वन्यजन्तु प्राविधिक, पशु चिकित्सकसहित तालिम प्राप्त सहयोगी जनशक्ति समावेश हुनुपर्छ । साथै डार्ट गन, आवश्यक औषधि, प्राविधिक उपकरण, स्ट्रेचर तथा सुरक्षित खोरसहितको ढुवानी सवारीसाधनको पूर्वाधार अनिवार्य हुनुपर्छ । यसको मुख्य भूमिका वन्यजन्तुको व्यवहार अध्ययन, जोखिम मूल्यांकन र स्पष्ट, प्रमाणमा आधारित सिफारिस तयार गर्नु हो । यसले विस्तृत अध्ययन-विश्लेषण गरी उपयुक्त रायसहितको प्रतिवेदन प्रस्तुत गर्छ । **सिफारिस कार्यान्वयनका लागि निर्णायक एकाइ**

बाँकी तेस्रो पृष्ठमा

# अवसर र अग्निपरीक्षाको बाटोमा बालेन

**प्रमोद मिश्र**

चुनावको परिणामले नेपालमा लोकतन्त्रको जरो गाडिइसकेको छ भन्ने विश्वास अझ बलियो गरी स्थापित भएको छ । तर लोकतन्त्रलाई नेपालमा अवतरण गराउने कांग्रेस-कम्युनिस्ट दलहरू पराजित भएका छन् । किनभने २०४६ मा लोकतन्त्र पुनर्बहाली भएदेखि नै दलगत राजनीतिमा हुने अनेकन दुर्गुणहरू यिनीहरूले भित्र्याए । दम्भी भए । मिडिया, बौद्धिक जमात, नागरिक अनि जनताका आवाज सुनेनन् । जनता विकल्पको खोजीमा थिए र तिनले काठमाडौंका मेयर बालेन्द्र शाह र त्यससँगै राष्ट्रिय स्वतन्त्र पार्टीमा त्यो विकल्प देखे र तिनलाई भारी बहुमतले विजय गराए । निस्सासिँदै गएका देश-विदेशमा बस्ने हामी नेपालीका लागि सास फेर्न अलि सजिलो भएको छ र सँगै नेपाली भविष्यप्रति एउटा झिनो आशा पलाएको छ । नेपाली मतदाताले यस चुनावमा प्रस्ट पारेका छन्– बालेन नेतृत्वको रास्वपा सरकारले भ्रष्टाचारको जरो उखेलेर नेपाली जनतालाई सुशासन दिन सक्छ । यसले संविधानमा निहित गणतन्त्र, सङ्घीयता, समावेशिता र धर्म तथा राज्यसत्ताबीचको दूरीलाई अझ बलियो बनाउन सक्छ । यस दल र तिनका नेतामा वैश्विक भूराजनीतिको, छरछिमेकको भूराजनीतिको कूटनीतिक समझ र पकड छ । यस दल र तिनका नेतामा नेपाललाई अगाडि लैजाने भिजन पनि छ, क्षमता र इमानदारिता पनि । र, व्यक्तित्वको गहनता र गहिराइ पनि । जतिसुकै खारिएका दल र तिनका माझिएका नेताका लागि यी गम्भीर उत्तरदायित्व हुन् । तर रास्वपा जस्तो लोकतन्त्र ल्याउने विरासत नबोकेको दल र तिनका युवावयका अनुभव न्यून नेताको काँधमा यो भारी जिम्मेवारी पर्न गएको छ । के तिनले यी सबै जिम्मेवारी सफलताका साथ धान्न सक्छन् ? यो प्रश्न यतिबेला अहम् बनेको छ ।

नेपाली मतदाताले भनिसके- अबको नेपाल कम्युनिस्ट र कांग्रेसले धान्न सक्दैनन् । केपी ओलीलाई एमाले महाधिवेशन प्रतिनिधिले पुनः अध्यक्ष बनाएर परिवर्तन पक्षधर उषाकिरण तिम्सिना, बिन्दा पाण्डे जस्ता परिवर्तनकामी नेतालाई पाखा पारे । त्यसो गरिनु केपी ओलीका समुदाय, समुदायबीच विष फैलाउने अभिव्यक्ति र नेपाली राजनीतिलाई दूषित पार्ने अनेकन हर्कतलाई प्रोत्साहित गर्नु थियो । तर नेपाली जनताले मताधिकारबाट एमालेलाई दण्डित गरेका छन् । यो भीमकाय पराजय एमालेका लागि भविष्यमा सुध्रिने पाठ र अवसर हुन सक्छ । एमालेका नेता-कार्यकर्ताले यस जबर्जस्त हारलाई कुन रूपमा लिन्छन् र भविष्यमा कसरी सुध्रिन्छन्, यसैमा सो पार्टीको भविष्य कस्तो हुन्छ भन्ने निर्भर गर्छ । तर जे भए पनि पञ्चायत र निरंकुश राजतन्त्र फालेर लोकतन्त्र ल्याउन जेल, नेल, भूमिगत जीवन, निर्वासन भोगेका पहिलो पुस्ताका नेता आदरणीय हुन् । दसवर्षे जनयुद्धबाट नयाँ संविधान ल्याई नेपाललाई गणतन्त्र र समावेशिताको बाटोमा ल्याउने नेताप्रति लोकतन्त्रवादीहरू आभारी हुनैपर्छ । तर तिनीहरूले पटक-पटक सत्तामा पुग्ने तिकडम र पुगिसकेपछि आफ्नो असफलता देखाएकाले नेपाली मतदाताले तिनीहरूलाई विश्राम दिएका छन् । व्यक्तिगत रूपमा चुनाव जिते पनि वा हारे पनि तिनीहरूले अब लोकतान्त्रिक उपलब्धिहरूलाई जोगाउन अभिभावकीय भूमिका खेल्नुबाहेक अरू कुनै विकल्प छैन । तर संघीयता ल्याउनका लागि मधेशीवादी दल र तिनका नेताको अतुलनीय योगदान भए पनि प्रशासन चलाउँदा उनीहरू पनि कांग्रेस र एमालेकै बाटोमा लागे । सत्ताका लागि सौदाबाजी, परिवारवाद, तँछाडमछाड, फुटजुट, गाउँस्तरसम्म भ्रष्टाचार यिनीहरूको पनि संस्कार बन्यो । चुनावको मुखमा सुध्रिने जतिसुकै नारा दिए पनि, वाचा गरे पनि त्यो पत्यारलाग्दो भएन र मधेशी मतदाताले तिनलाई पत्याएनन् । वास्तवमा यस चुनावमा नेपालीले छान्नुपर्ने दल दुईमध्ये एक थियो– गगन-विश्वप्रकाश नेतृत्वको सुधारिएको कांग्रेस र बालेन-रवि नेतृत्वको रास्वपा । तर यो छनोट जति बाहिरि भीड वा पुरातन दलप्रतिको वितृष्णाले सजिलो देखिन्थ्यो, केलाउँदा त्यति नै जटिल । प्रधानमन्त्रीकै उम्मेदवारका रूपमा नेपालमा गगन थापाको हाराहारीमा कोही पनि अनुभवी नेता देखिँदैन थियो । यिनले विद्यार्थीकालदेखि नै अग्रगामी सोच राख्दै आएका थिए । त्यही अनुरूप गणतन्त्रका लागि संघर्ष गरेका थिए । कांग्रेसभित्र परिवर्तनका लागि निरन्तर सक्रिय थिए । नेपालको सबैभन्दा पुरानो दलमा दशकौंदेखि आबद्ध भएकाले उनलाई दलभित्र र राज्यका विभिन्न अंगमा व्याप्त बेथितिबारे थाहा थियो । सापेक्षिक हिसाबले युवामै दरिने र व्यक्तित्वका हिसाबले पनि नयाँ विषय आत्मसात् गर्ने रुझान र सामर्थ्य उनमा थियो । यो विषय विशेष महाधिवेशनपछिका उनका वक्तव्यहरूले पनि प्रस्ट पारेको थियो । त्यसैले उनमा केही नयाँ गर्ने हुटहुटी पनि थियो भन्ने भान हुन्थ्यो । विश्वप्रकाश शर्माका साथ र वर्षौंको सहकार्यले गर्दा यिनमा निर्णय गर्दा परामर्श गर्ने बानीसँगै नयाँ कुरा गर्न सक्ने, विगतका गल्तीबाट सिक्ने, सीमान्तकृतका लागि ठोस कदम चाल्ने आँट पनि थियो । कांग्रेसभित्र निरन्तर संघर्ष गर्दै महाधिवेशन गराउन सफल नहुँदा यिनले विशेष महाधिवेशन भए पनि गराएर कांग्रेसलाई नयाँ बाटोमा ल्याएका थिए । २३ र २४ भदौको जेन-जी विद्रोहको रापतापमा भए पनि मुलुकभरिका कार्यकर्तालाई परिचालन गरी मुलुककै सबैभन्दा पुरानो दलमा नेतृत्व परिवर्तन गर्ने हिम्मत कुनै राजनेतामा मात्र सम्भव हुन सक्थ्यो । सोभन्दा बढी बीपीपछि पार्टी हाँक्ने कोही युगान्तकारी नेता कांग्रेसमा भए हुन्थ्यो भन्ने विश्लेषण हुँदा यिनको नाम अवश्य आउने सम्भावना थियो । उनी कांग्रेसका मदन भण्डारी हुने थिए । तर उनको दल कांग्रेस सुधारिएको भनेर अहिले नै भनिहाल्ने स्थिति भने थिएन । यसका दुईवटा कारण थिए । एक, पदलोलुप दोस्रो तहका नेताले सुरुवातमा शेरबहादुर देउवालाई साथ दिँदै महाधिवेशन गर्न दिएनन् । जसले गर्दा देशभरि कार्यकर्ता परिचालन गरी गगन र विश्वप्रकाशले चुनावको मुखमा विशेष महाधिवेशन बोलाउनुपर्‍यो । विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन गरिसकेपछि आफ्नो विचार, एजेन्डा,

बाँकी तेस्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## हाइटीमा ड्रोन हमलामा सर्वसाधारणको मृत्यु



**काठमाडौं,२६ फागुन ।** हाइटी सरकारले आपराधिक गिरोहविरुद्ध सञ्चालन गरेको ड्रोन आक्रमणका क्रममा सर्वसाधारण नागरिकसमेत मारिएको मानव अधिकारवादी संस्था ह्युमन राइट्स वाचले चेतावनी दिएको छ । संस्थाका अनुसार सुरक्षा कारबाहीका नाममा गरिएको ‘ठूलो मात्रामा घातक’ ड्रोन प्रयोगले बालबालिकासहित निर्दोष नागरिकलाई पनि गम्भीर जोखिममा पारेको छ । ह्युमन राइट्स वाचले मङ्गलबार सार्वजनिक गरेको विवरणअनुसार मार्च १, २०२५ देखि जनवरी २१, २०२६ सम्म सञ्चालन गरिएका १४१ वटा ड्रोन अपरेसनका क्रममा कम्तीमा एक हजार २४३ जनाको मृत्यु भएको छ । ती मृतकमध्ये कम्तीमा ४३ जना वयस्क आपराधिक गिरोहका सदस्य नभएको स्पष्ट देखिएको छ भने १७ जना बालबालिका पनि रहेका छन् । त्यसैगरी यी आक्रमणहरूमा ७३८ जना घाइते भएका छन् । घाइतेमध्ये कम्तीमा ४९ जना आपराधिक समूहसँग सम्बन्धित नभएका व्यक्तिहरू रहेको उल्लेख गरिएको छ । हाइटीमा पछिल्ला वर्षहरूमा गिरोह हिंसा तीव्र रूपमा फैलिएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार आपराधिक गिरोहहरूले अहिले राजधानी पोर्ट-अ-प्रिन्सको करिब ९० प्रतिशत क्षेत्र आफ्नो नियन्त्रणमा लिएका छन् । सन् २०२५ मा मात्रै गिरोह हिंसासम्बन्धी घटनामा झन्डै ६ हजार जनाको ज्यान गएको तथ्याङ्क संयुक्त राष्ट्रसङ्घले सार्वजनिक गरेको छ । क्यारिबियन क्षेत्रमा पर्ने हाइटी अमेरिकाको सबैभन्दा गरिब देश मानिन्छ । यहाँ वर्षौंदेखि हत्या, बलात्कार र अपहरणका घटनासहितको घातक गिरोह हिंसा व्यापक रूपमा फैलिएको छ । लगातारको हिंसाका कारण करिब १४ लाख मानिस अर्थात् कुल जनसङ्ख्याको करिब १० प्रतिशत विस्थापित भएका छन् । त्यसैगरी हाइटीका झन्डै आधा नागरिक अहिले गम्भीर खाद्य असुरक्षाबाट प्रभावित भएको अनुमान गरिएको छ । यसमा पाँच वर्षमुनिका करिब १२ लाख बालबालिका पनि समावेश छन् । ह्युमन राइट्स वाचका अमेरिकासम्बन्धी निर्देशक जुआनिता गोबर्टसले यी आक्रमणहरूले निर्दोष मानिसहरूलाई ठूलो क्षति पुऱ्याइरहेको बताए । उनका अनुसार यी घातक ड्रोन अपरेसनहरूमा धेरै बालबालिकासहित दर्जनौं सर्वसाधारण नागरिक मारिएका र घाइते भएका छन् । उनले हाइटीका अधिकारीहरूलाई सुरक्षा बल र उनीहरूसँग काम गर्ने निजी ठेकेदारहरूको गतिविधिलाई तत्काल नियन्त्रणमा लिन आग्रह गरे । ‘थप बालबालिकाको ज्यान जानुअघि हाइटीका अधिकारीहरूले आफ्नो सुरक्षा बल र निजी ठेकेदारहरूलाई तुरुन्तै नियन्त्रण गर्नुपर्छ’, उनले भने । हाइटीमा रहेको संयुक्त राष्ट्रसङ्घको एकीकृत कार्यालयका अनुसार यी ड्रोन आक्रमणहरू प्रधानमन्त्री एलिक्स डिडियर फिल्स-एमेले गठन गरेको टास्क फोर्सद्वारा सञ्चालन गरिएका हो । उक्त टास्क फोर्सलाई निजी सैन्य कम्पनी भेक्टस ग्लोबलले परिचालन सहयोग उपलब्ध गराइरहेको बताइएको छ । ह्युमन राइट्स वाचका अनुसार हाइटीका लागि वासिङ्टनस्थित राजदूतले अमेरिकी विदेश मन्त्रालयले भेक्टस ग्लोबललाई हाइटीमा रक्षा सेवाहरू निर्यात गर्न अनुमति दिने इजाजतपत्र जारी गरेको पुष्टि गरेका छन् ।

## सियोल-वासिङ्टन सैन्य अभ्यासप्रति उत्तर कोरियाको कडा चेतावनी



**काठमाडौं,२६ फागुन ।** उत्तर कोरियाका नेता किम जोङ उनकी प्रभावशाली बहिनी किम यो जोङले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले सुरु गरेको संयुक्त सैन्य अभ्यासले ‘अकल्पनीय रूपमा भयानक परिणाम’ निम्त्याउन सक्ने चेतावनी दिएकी छन् । मङ्गलबार सार्वजनिक गरिएको वक्तव्यमा उनले सियोल र वासिङ्टनले सञ्चालन गरिरहेको वार्षिक सैन्य अभ्यासलाई गम्भीर उक्साहटका रूपमा व्याख्या गर्दै यसले कोरियाली प्रायद्वीपमा थप तनाव निम्त्याउने बताइन् । दक्षिण कोरिया र अमेरिकाले सोमबारदेखि आफ्नो वसन्तकालीन सैन्य अभ्यास ‘फ्रिडम सिल्ड’ सुरु गरेका छन् । यो अभ्यास मार्च १९ सम्म सञ्चालन हुने बताइएको छ । दक्षिण कोरियाका करिब १८ हजार सैनिक यसमा सहभागी हुने जानकारी दिइएको छ, तर कति अमेरिकी सैनिक सहभागी छन् भन्ने विवरण भने सार्वजनिक गरिएको छैन । सन् १९५० मा छिमेकी दक्षिण कोरियामाथि आक्रमण गरी कोरियाली युद्ध सुरु गरेको आणविक हतियार सम्पन्न उत्तर कोरियाले यस्ता संयुक्त सैन्य अभ्यासहरूलाई लामो समयदेखि आफ्नो देशमाथि आक्रमण गर्ने तयारीको अभ्यासका रूपमा आरोप लगाउँदै आएको छ । किम यो जोङको भनाइ प्योङयाङस्थित सरकारी सञ्चार माध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले उद्धृत गरेको हो । उनले यस्तो अभ्यासले ‘ अकल्पनीय रूपमा भयानक परिणाम निम्त्याउन सक्ने’ चेतावनी दिँदै क्षेत्रीय सुरक्षामा थप अस्थिरता आउन सक्ने सङ्केत गरिन् । उनी हालै उत्तर कोरियाको सत्तारूढ वर्कर्स पार्टीको सामान्य मामिला विभागको प्रमुख पदमा पदोन्नति भएकी छन् । विश्लेषकहरूले यस पदलाई पार्टी महासचिवसरह प्रभावशाली जिम्मेवारी भएको मान्ने गरेका छन् । उनको प्रतिक्रिया त्यतिबेला आएको हो जतिबेला उनका दाजु किम जोङ उनले हालै सियोलले अघि सारेका शान्ति पहलहरूलाई ‘असङ्गत भ्रामक प्रहसन’ भन्दै अस्वीकार गरेकी थिइन् । उनले उत्तर कोरियाको दक्षिण कोरियासँग ‘कुनै व्यापारिक लेनदेन छैन’ भन्ने धारणा पनि व्यक्त गरेकी थिइन् । किम यो जोङले संयुक्त सैन्य अभ्यासलाई विश्वव्यापी अस्थिरताको संवेदनशील समयमा भइरहेको कदमका रूपमा चित्रण गरेकी छन् । उनका अनुसार विश्व सुरक्षा संरचना तीव्र गतिमा कमजोर बन्दै गएको छ र विभिन्न क्षेत्रहरूमा युद्धका घटनाहरू बढिरहेका छन् । उनले अहिलेको अवस्था ‘अन्तर्राष्ट्रिय बदमाशहरूको लापरवाह कार्य’ का कारण सिर्जना भएको आरोप लगाए । प्योङयाङले हालै इरानमाथि अमेरिका र इजरायलले गरिरहेको आक्रमणलाई पनि ‘अवैध आक्रमण’ भन्दै कडा शब्दमा निन्दा गरेको छ । उत्तर कोरियाले त्यस घटनाले अमेरिकाको ‘दुष्ट प्रकृति’ उजागर गरेको दाबी गरेको छ । उत्तर कोरिया र संयुक्त राज्य अमेरिका दशकौंदेखि राजनीतिक र सैन्य रूपमा विरोधी रहेका छन् । यद्यपि पछिल्ला महिनाहरूमा वासिङ्टनले प्योङयाङसँग उच्चस्तरीय वार्ता पुनः सुरु गर्ने पहल गरिरहेको सङ्केत देखिएको छ । कतिपय रिपोर्ट र विश्लेषकहरूले यस वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका नेता किम जोङ उनबीच सम्भावित शिखर सम्मेलनको सम्भावना पनि औंल्याएका छन् ।

### किन बढ्दै छ मानव.........


मानव-बाघ तथा चितुवासम्बन्धी समस्या समाधानका लागि अध्ययन र सिफारिस मात्रै पर्याप्त हुँदैन । तत्काल कार्य टोलीको सिफारिस कार्यान्वयन गर्न जिल्लास्तरको मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन एकाइ गठन अपरिहार्य छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीय सरकार, डिभिजन वन कार्यालय तथा राष्ट्रिय निकुञ्जको प्रतिनिधित्व रहने यो एकाइलाई समस्या सिर्जना गर्ने बाघ वा चितुवा नियन्त्रणमा राख्ने, स्थानान्तरण गर्ने वा अन्तिम विकल्पका रूपमा मार्नेजस्ता निर्णय लिन सक्ने स्पष्ट अधिकार प्रदान गर्नुपर्छ । **बजेट र पूर्वाधार** अनेकौं अवस्थामा बजेट र पूर्वाधार अभावकै कारण सही निर्णय कार्यान्वयन हुन सक्दैन । समात्न सिफारिस गरिएका बाघ वा चितुवालाई राख्ने सुरक्षित स्थान, आहारा, उपचार तथा दीर्घकालीन व्यवस्थापनका लागि पर्याप्त बजेट नहुँदा जोखिम झनै बढ्छ । त्यसैले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनलाई सामान्य प्रशासनिक खर्च होइन, आपत्कालीन तथा अनिवार्य सार्वजनिक सुरक्षा लगानीका रूपमा लिँदै स्थायी बजेट व्यवस्था गर्नु अपरिहार्य छ । बाँके-बर्दिया क्षेत्रमा देखिएको मानव-बाघ तथा चितुवा द्वन्द्व अब केवल वन्यजन्तु संरक्षणको बहस रहेन- यो प्रत्यक्ष रूपमा मानवीय सुरक्षासँग जोडिएको गम्भीर सार्वजनिक नीति समस्या बनिसकेको छ । भावनात्मक प्रतिक्रिया, दोषारोपण र अस्थायी उपायले यो समस्या समाधान हुँदैन । वैज्ञानिक अध्ययन, संस्थागत संरचना, स्पष्ट निर्णय प्रणाली र पर्याप्त स्रोत साधन- यी चार आधारलाई सुदृढ नगरी मानवीय छैन । अब पनि निर्णायक हस्तक्षेपमा ढिलाइ गरियो भने दोष बाघ र चितुवाको होइन, हाम्रो वैज्ञानिक सोच र निर्णय क्षमताको हुनेछ । साभार ईकान्तिपुर ।

### अवसर र अग्निपरीक्षा.....

कार्यक्रम देशभरिका जनतामाझ लैजाने, बुझाउने, विश्वास दिलाउने र ती विचार-वाचाहरूलाई थिग्र्याउने पर्याप्त समय भने पाएनन् । ‘ तातै खाऊँ, जली मरूँ’ भने जस्तै भयो उनका नीति-कार्यक्रमहरू । केही अनुहार नयाँ भए पनि बाँकी पुरानै भावना बोकेका अनुहार चुनावी मैदानमा आए । गगन-विश्वप्रकाशका विचार उनीहरूलाई संसदीय व्यवस्थामा मान्य नहुने मतदाताले लख काटे । गगनको अर्को कमजोर पक्ष भनेको देउवाका साथमा लागेर महाधिवेशन मात्र होइन, विशेष महाधिवेशनको विरोध गर्ने र यो विशेष महाधिवेशन अवैध हो भनेर सर्वोच्चमा मुद्दा हाल्न लगाउने जमातले पनि उनीबाट टिकट लिएर चुनावी मैदानमा उत्रिए । देउवा पक्षधर यी नेताहरूले चुनाव जिते भने पनि उनीहरूले जेन-जीको मर्म अनुसार नै मुलुकमा परिवर्तन ल्याउन गगन-विश्वप्रकाशलाई सघाउँछन् भन्ने विश्वास मतदातामा भएन । यस चुनावमा भएको हारले नेपाली राजनीतिमा गगन-विश्वप्रकाशको अग्निपरीक्षा अब झन् हुनेवाला छ । बालेनसमेतको रास्वपा अहिले नेपाली राजनीतिमा हावाहुरी जस्तै भएर आएको छ । अंग्रेजी कवि शेलीको कविता ‘वेस्टविन्ड’ मा भनिए जस्तै सडेगलेका पात बढार्न आएको हावाहुन्डरी जस्तै । यसले नयाँ पालुवा पलाउने आशा आमनेपालीमा जगाएको छ । देशभरि बालेनप्रतिको ‘क्रेज’ले यही संकेत दियो । हुन पनि बालेनको ‘क्रेज’ काठमाडौंको मेयरको चुनावताका पनि यस्तै थियो र त्यतिबेला एक व्यापर बीस-पच्चीसका युवालाई चोखिला, चोटिला द्रुत गतिका गीतले लोभ्याउन सफल भएका थिए भने उनको स्ट्रकचरल इन्जिनियरिङको स्नातकोत्तर डिग्रीले उनीप्रति विश्वसनीयता बढाएको थियो । मेयर भइसकेपछि भाषण कम, कामबाट बढी र नाटकीय ढंगले सडक अतिक्रमण रोक्ने, सडकछेउका व्यापारी हटाउने कार्यले उनी बौद्धिक वर्गमा आलोचित भए पनि राजधानीका मध्यम वर्ग र आमराजधानीवासीबीच लोकप्रिय बने । काठमाडौंलाई ‘वाकेबुल’ (पैदलयोग्य) सहर बनाउने श्रेय पनि उनलाई गयो । साभार ईकान्तिपुर ।

# स्वास्थ्य

## यौन जीवनले कसरी मानसिक स्वास्थ्यमा प्रभाव पार्छ ?



हिन्दुशास्त्रको पुरुषार्थको अवधारणामा जीवनको चारवटा मुख्य खम्बाबारे वर्णन गरेको पाइन्छ । पहिलो धर्म, जसमा दैनिक गर्ने कार्य, नैतिकता, आदर्शका कुराहरु पर्छन् । त्यसपछि आउँछ, अर्थ । अर्थ भनेको काम गरेर वा जीविकोपार्जन गर्ने परिवारलाई चाहिने गाँस, बास र कपासको जोहो गर्नु । त्यसपछि आउँछ, काम । काममा यौनको चर्चा गरिन्छ । यौन मात्र नभएर माया, प्रेम, इच्छा र सद्भाव पनि पर्छन् । र, चार नम्बरमा आउँछ, मोक्ष । मोक्ष भनेको समाधि वा आनन्दको प्राप्ति हो । यो अवधारणाले के भन्छ भने पहिला धर्म गर्नुपर्छ । त्यसपछि अर्थ र काम भोग गरेर मात्र मानिसलाई मोक्ष प्राप्ति हुन्छ । यो भन्नुको अर्थ के हो भने धर्मशास्त्रले पनि यौन जीवनको लागि अपरिहार्य भनेको छ । विज्ञानले पनि यौन सुखले मानिस स्वस्थ रहने कुरामा जोड दिन्छ । यौनले नै सिर्जना र आनन्द दुवै दिन्छ । शरीरको लागि खाना जति आवश्यक छ । त्यति नै यौन जीवन पनि आवश्यक मानिन्छ । कुनै कारणवश यौन जीवनमा समस्या आइरहेको छ भने विस्तारै मानसिक स्वास्थ्यमा प्रभाव पार्न सक्छ । यौन उत्तेजना नहुनु, चरमोत्कर्षमा नपुग्नु, शीघ्रपतन वा लामो समयसम्म स्खलन नहुनु, महिलामा हार्मोनल परिवर्तनका कारण यौन चाहना घट्नु, यौन रोगका कारण यौन सम्बन्ध राख्न नसक्नु शारीरिक समस्या मात्र होइन । यसमा मानसिक कारण पनि जिम्मेवार हुनसक्छ । यसले के स्पष्ट पार्छ भने यौन जीवन र मानसिक स्वास्थ्यबीच निकट सम्बन्ध छ ।

यौन शिथिलताले जसरी मानसिक समस्या ल्याउँछ, उसैगरी मानसिक समस्याले यौन उदासीनता पनि ल्याउँछ । यदि दम्पतीबीचको सम्बन्ध प्रगाढ छैन, आपसी असमझदारी छ भने त्यसको प्रभाव उनीहरुको यौन जीवनमा पर्छ । ठीक यसैगरी यौन जीवन सुमधुर नहुँदा उनीहरुबीचको भावनात्मक सम्बन्धमा पनि खल्लोपन महसुस हुन्छ । अर्थात् यी एकअर्कासँग अभिन्न रुपले जोडिएका छन् । यस्ता यौन समस्याले कसरी मानसिक स्वास्थ्यमा असर गर्छ भन्ने जान्नु भन्दाअघि यौन र मस्तिष्कबीचको सम्बन्धबारे जान्नु आवश्यक हुन्छ । **यौन र मस्तिष्कबीचको सम्बन्ध** हामीमध्ये धेरैजसोलाई लाग्न सक्छ- यौनक्रिया शरीरले गर्छ । तर यो सत्य होइन । यौनबारे सोच्नेबित्तिकै महिला र पुरुषको मस्तिष्कमा आउने भावना र विचारले उत्सुकता ल्याउँछ । र, यसले अवधि बढाउने, घटाउने, उत्तेजित पार्ने र शरीरलाई चलायमान राख्छ । मन र तनको तालमेलले यौन सन्तुष्ट दिन्छ । र, चरमसुख दिन्छ । यौन सम्बन्ध राम्रो छ भने यसले एकछिनको आनन्द मात्र होइन, मानसिक स्वास्थ्यमा पनि योगदान दिइरहेको हुन्छ । यसले सकारात्मक प्रभाव दिमागमा पार्छ । कुनै कुराले दिमाग भारी भइरहेको छ वा मनमा अनेकौं विचारले चिन्ता भइरहेको छ भने यौन सम्बन्ध राखेको केही समयमै दिमागमा आनन्द र आराम दिने हार्मोन अक्सिटोसिन र इन्डोर्फिन निष्कासन गर्छ । जसकारण दिमाग शान्त हुँदै आफूलाई हल्का भएको अनुभव गर्छ । र, राहत अनुभव गर्छ । तर यसको मतलब यो होइन कि तनाव कम गर्न यौनक्रिया नै गर्नुपर्छ । यौनक्रिया गर्दा दिमागका यस्ता न्युरोट्रान्समिटरहरु सक्रिय हुन्छन् । र, दम्पतीबीच सामीप्य बढाउँछ ।

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निर्माण कार्य गरौं ।
परवानीपुर गाउँपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, कालिकामाई, पर्सा

# फागुन २८ मा निर्वाचन प्रहरीलाई सम्मान सहित बिदाइ गरिँदै



**काठमाडौं,२६ फागुन ।** प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षाको लागी भर्ना गरिएका निर्वाचन प्रहरीहरूले आफ्नो कार्यअवधि पूरा गरेका छन् । ४० दिनसम्म निर्वाचनको सुरक्षामा परिचालन गर्नेगरी नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० जना र सशस्त्रले १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गरेको थियो । फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । मतगणना पनि सार्वजनिक भैसकेको अवस्थामा निर्वाचन प्रहरीलाई बिदाइ गर्ने तयारी गरिएको छ । उनीहरूलाई 'धन्यवाद पत्र' सहित बिदाइ गरिने नेपाल प्रहरीका प्रवक्ता (डीआईजी) अवि नारायण काफ्लेले रातोपाटीलाई बताए ।

प्रहरीले फागुन २८ मा देशभर निर्वाचन प्रहरीलाई बिदाइ गर्दै छ । काफ्लेले भने, 'फागुन २८ गते बिहीबार देशभर उनीहरूलाई बिदाइ गरिँदै छ ।' शस्त्र प्रहरी बलले पनि फागुन २८ मा निर्वाचन प्रहरीलाई बिदाइ गर्ने भएको छ । सशस्त्रले निर्वाचन सुरक्षामा १५ हजार ११० जना निर्वाचन प्रहरीलाई परिचालन गरेको थियो । सशस्त्र प्रहरी बलका प्रवक्ता (डीआईजी) विष्णु प्रसाद भट्टले निर्वाचन सुरक्षामा खटिएका निर्वाचन प्रहरीलाई आउने बिहीबार बिदाइ गरिने जानकारी दिए ।

निर्वाचन प्रहरीलाई ४० दिन निर्वाचन सुरक्षामा खटिएबापत सरकारले ३४ हजार ७७६ रुपैयाँ तलब प्रदान गरेको छ । त्यसबाहेक उनीहरूले रासन र आउजाउ गर्न ८४६ रुपैयाँ थप तयारी खर्च पाएका छन् । निर्वाचन प्रहरीले ४ दिनको लागी दैनिक ३ सयको दरले खाजा खर्च पाउनेछन् । पोसाक बापत छुट्टै रकम उपलब्ध गराइएको प्रहरी प्रवक्ता (डीआईजी) काफ्ले बताए । उनले भने, 'निर्वाचन प्रहरीलाई किस्ता-किस्तामा रकम दिइएको छ ।' धेरैले सेवा सुविधा पाइसकेको र केही सेवा सुविधा लिने प्रक्रियामा छन् । निर्वाचनमा दुई वटा सङ्गठनले कुल १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी परिचालन गरेका छन् । उनीहरूको लागि सेवा सुविधामा करिब ७ अर्ब ८३ करोड खर्च भएको सुरक्षा अधिकृतहरु बताउँछन् ।

# अर्थमन्त्री खनालले फिर्ता गरे रातो पासपोर्ट

**काठमाडौं,२६ फागुन ।** पूर्व अर्थमन्त्री रामेश्वर प्रसाद खनालले आफ्नो जिम्मेवारी सकिएसँगै कूटनीतिक राहदानी (रातो पासपोर्ट) सरकारलाई फिर्ता गरेका छन् ।

खनालले आफूलाई अर्थमन्त्रीको हैसियतमा उपलब्ध गराइएको रातो पासपोर्ट मंगलबार (फागुन २६) मा अर्थ मन्त्रालय को प्रशासन महाशाखामार्फत सरकार लाई बुझाएका हुन् ।

प्रशासन महाशाखालाई लेखेको पत्रमा उनले कूटनीतिक राहदानीको प्रयोजन समाप्त भएको उल्लेख गर्दै सो राहदानी परराष्ट्र मन्त्रालय अन्तर्गतको राहदानी विभागमा फिर्ता गरिदिन आग्रह गरेका छन् । पत्रमा उनले "अब प्रस्थानको तयारीमा छु। सार्वजनिक पद धारकका रूपमा आफ्नो कब्जामा रहेको एकमात्र सरकारी सम्पत्ति त्यागेको छु," भन्ने उल्लेख गरेका छन् । पदबाट बाहिरिएपछि सरकारी सुविधा तथा सम्पत्ति फिर्ता गर्ने प्रक्रियाअन्तर्गत उनले यो कदम चालेका हुन् ।

## पूर्व मुख्यमन्त्री गद्दी..

नेपालको संगठन अहिले कमजोर अवस्थामा पुगेको उनीहरूको भनाइ छ । देशभर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रभाव बढिरहेका बेला आफूलाई मधेशको 'मसीहा' भन्दै आएका उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल पनि कमजोर बन्दै गएको चर्चा राजनीतिक वृत्तमा भइरहेको छ । पर्सालाई जसपा नेपालको बलियो गढ मानिँदै आए पनि अध्यक्ष यादव र पूर्वमुख्यमन्त्री गद्दीको नेतृत्वका कारण पार्टी संगठन कमजोर भएको आरोप पार्टीभित्रै उठिरहेको बताइएको छ । यस निर्वाचनले गद्दी र यादवको वास्तविक जनाधार कस्तो रहेको छ भन्ने कुरा स्पष्ट पारेको भन्दै पर्साको राजनीतिक वृत्तमा चर्चा भइरहेको छ । उनीहरूकै कारण पर्सामा पार्टी कमजोर भएको भन्दै पार्टीभित्र आरोप-प्रत्यारोप पनि बढेको छ । पूर्व मुख्यमन्त्री गद्दी निर्वाचनको कमाण्ड समेत थिए । यद्यपि, निर्वाचनमा हार-जित स्वाभाविक हुने भन्दै उम्मेदवार यादवले आफ्ना समर्थक र कार्यकर्तालाई ढाडस दिँदै आएका छन् ।

## जनताको मन जित्यौं....

सरकार, सुरक्षा निकाय र मतदाताप्रति धन्यवाद व्यक्त गर्दै घिसिङले छोटो समयमै जनताबाट प्राप्त माया र सद्भाव आफ्नो लागि ठूलो ऊर्जा भएको बताएका छन् । निर्वाचन परिणामबाट आफू निराश नभएको बताउँदै उनले "उज्यालो नेपाल निर्माण" को अभियानलाई अझ सशक्त रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै, उनले हालैको निर्वाचनलाई जेनजी आन्दोलन पछि आएको परिवर्तनको अवसरका रूपमा समेत व्याख्या गरेका छन् ।

## पूर्वअर्थमन्त्रीमध्ये.....

हुनुभएको छ । सुनसरी क्षेत्र नं. ४ बाट उम्मेदवारी दिएका कार्कीले १६ हजार ५८७ मत प्राप्त गर्नुभयो । उक्त क्षेत्रबाट विजयी रास्वपाका दीपककुमार साहले ४२ हजार ७७१ मत प्राप्त गरेको आयोगले जनाएको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**


## तनाव व्यवस्थापनमा परिवारको भूमिका

❖परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
❖स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गरौं।
❖सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।
❖घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।
❖जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
❖साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

**आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# पर्सा- १ मा उम्मेदवार बनेका ३० मध्ये २७ जनाको जमानत जफत



**बीरगन्ज,२६ फागुन ।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्सा क्षेत्र नम्बर १ मा २७ जना उम्मेदवारहरुको जमानत जफत भएको छ । पर्सा- १ मा दलगत र स्वतन्त्र गरी ३० जना उम्मेदवारहरु चुनावी प्रतिस्पर्धामा उत्रिएकोमा तीमध्ये २७ जनाको जमानत जफत भएको हो । निर्वाचन आयोगका अनुसार, मतगणनाका क्रममा कूल सदर मतको १० प्रतिशत भन्दा कम मत ल्यााउने उम्मेदवारको जमानत जफत हुन्छ । जमानत जफत भनेको उम्मेदवारहरूले मनोनयन दर्ता गर्दा राखेको धरौटी रकम फिर्ता नहुने हो । पर्सा- १ मा कुल ३० उम्मेदवारहरूले प्रतिस्पर्धा गरेको भएपनि तीमध्ये केवल तीन जनाले मात्र आफ्नो जमानत जोगाउन सफल भएका छन् । रास्वपाका बुद्धिप्रसाद (हरि) पन्तले २७ हजार २७४ मत प्राप्त गर्दै विजयी भएका छन् । नेकपा (एमाले) का पूर्व मन्त्री प्रदीप यादवले १३ हजार ३० मत र नेपाली काँग्रेसका अनिल कुमार रुङटाले ११ हजार ८८५ मत प्राप्त गर्दै जमानत बचाएका छन् ।

पर्सा - १ मा जमानत जफत हुनेहरूमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नन्द किशोर प्रसाद श्रीवास्तव (१ हजार २७२ मत), जसपा नेपालका रामनरेश प्रसाद यादव (१ हजार २०१ मत), नेकपाका अजय चौरसिया (५३७ मत), उज्ज्वल नेपाल पार्टीका रामकिशोर सिंह (पराग) (४१५ मत), स्वतन्त्रका विशाल कुमार सर्राफ (३८१ मत), जनमत पार्टीका ओमप्रकाश सर्राफ (३४१ मत), पिपुल्स फस्ट पार्टीका जावेद एकबाल हैदर (२४२ मत) र राष्ट्र निर्माण दल नेपालका मोहम्मद उमर खान (२४० मत) रहेका छन् । जमानत जफत हुनेहरूमा नन्द किशोर प्रसाद श्रीवास्तव चलचित्र निर्माता तथा वीरगन्जका पूर्व मेयर विमल श्रीवास्तवका सहोदर भाइ हुन् । रामनरेश प्रसाद यादव जसपा नेपाल पर्साका अध्यक्ष तथा दुई पटक मधेस प्रदेशसभा सदस्यमा पराजित भइसकेका नेता हुन् । रामकिशोर सिंह (पराग) वीरगन्ज महानगरपालिका-२० का पूर्व वडाध्यक्ष हुन् । चुनाव लड्न कै लाग्ने उनले वडाध्यक्ष पदबाट राजीनामा दिएका थिए । ओमप्रकाश सर्राफ जनमत पार्टी पर्साका जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य हुन् । मोहम्मद उमर खान ३५ लाख फलोअर्स भएका टिकटक स्टार हुन् । यसबाहेक, नेपाल लोकतान्त्रिक पार्टीका शालिकराम प्रसाद कानु (१०२ मत), श्रम संस्कृति पार्टीका वासिम शेष (९० मत), आम जनता पार्टीका विश्वराज पटेल (५४ मत), नेपाल जनता पार्टीका सुरेश प्रसाद साह कानु (४६ मत), जन अधिकार पार्टीका महेश कुमार पासवान (३४ मत), नेपाल मजदुर किसान पार्टीका प्रमोद प्रसाद पटेल (४१ मत), नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) का शङ्कर कुमार कर्ण (११ मत), नेपाल सङ्घीय समाजवादी पार्टीका सोएब अन्सारी (१० मत) , स्वतन्त्र उम्मेदवारहरू पुकार थापा (५ मत), मोहम्मद साजिद अलि (५ मत), नरेश कुमार यादव (४ मत), शिव प्रसाद कोइरी (४ मत), अनिल प्रसाद यादव (३ मत), अभिनाश चौरसिया (३ मत), आर्यशशिकला राउत (३ मत), दीप राज वर्मा (३ मत), विशाल कुमार पाण्डेय (३ मत), प्रेम मेहता (१ मत) र सरोज प्रसाद यादव (१ मत) को पनि जमानत जफत भएको छ ।

# रौतहटमा दलित बस्तीमा सामूहिक कुटपिट, दुई महिलासहित ६ जना घाइते

**रौतहट,२६ फागुन ।** रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका-५ सन्तपुरस्थित दलित (चमार) टोलमा सामूहिक आक्रमण भएको छ । आक्रमणबाट दुई महिलासहित ६ जना घाइते भएका छन् । घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्नुको सट्टा प्रहरीले उल्टै पीडितमाथि नै अन्याय गरेको आरोप लगाइएको छ । इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मिनियाका प्रमुख प्रहरी निरीक्षक सुरेन्द्र यादवको कार्यशैलीप्रति स्थानीयले प्रश्न उठाएका छन् । उनीमाथि जातीय प्रभावमा परेर पटक-पटक प्रहरी आचरणविपरीत काम गरेको आरोपसमेत लागेको छ । घटना यही फागुन १९ गते, होली पर्वको पूर्वसन्ध्या तथा प्रतिनिधिसभा निर्वाचन हुनुभन्दा दुई दिनअघि भएको बताइएको छ । घटनाको एक सातासम्म पनि प्रहरीले कुनै कारवाही नगरेपछि पीडितपक्षले पत्रकार सम्मेलन गरी घटनाबारे जानकारी दिएको हो । पत्रकार सम्मेलनमा पीडित बिर्जा राम चमारले सामान्य विवादको क्रममा स्थानीय भुनेश्वर यादव, पसिन्द्र यादव, नितेश यादव, जगु यादव (नगेन्द्र यादव), सुखारी यादव, गिरधारी यादव, नवीनकुमार यादव र जयप्रकाश यादवलगायतको समूह लाठी-भाटा लिएर फागुन १९ गते साँझ करिब ६ बजे घरभित्र पसेर कुटपिट गरेको आरोप लगाएका छन् ।उनका अनुसार सो समूहले घरभित्र प्रवेश गरेर श्रीमती, छोरीसहित ६ जनालाई मरणासन्न हुने गरी कुटपिट गर्नुका साथै घरका सामान तोडफोड गरेका थिए । साथै घरमा रहेका दुईवटा मोबाइलसमेत फोडिएको उनले बताएका छन् । कुटपिटबाट ५५ वर्षीय बिर्जा राम चमारको ढाड र घाँटीमा चोट लागेको छ भने उनकी श्रीमती ५० वर्षीया गायत्री देवी रामको शरीरभरि निलडाम छ ।त्यस्तै उनका छोरा राजकुमार रामको टाउकोमा तीनवटा टाका लागेको छ भने सुब्बा रामकी १६ वर्षीया छोरीको टाउकोमा ७ टाँक लगइएको छ । ललन राम चमारको अनुहार र शरीरभरि निलडाम देखिएको छ भने नरेश राम चमारको टाउको र आँखामा चोट लागेको तथा शरीरका विभिन्न भागमा घाउ-चोट देखिएको पीडितपक्षले जनाएको छ ।पीडितका अनुसार फागुन १९ गते साँझ करिब ५ बजे दुईपक्षबीच सामान्य भनाभन भएको थियो । सो क्रममा बिर्जा रामका छोरा राजकुमार रामलाई घरभन्दा केही पर कुटपिट गरेका थिए ।

त्यसक्रममा प्रतिवाद गर्दा यादवपक्षका एक जनाको टाउकोमा चोट लागेको बताइएको छ । यसको करिब एक घण्टापछि बेलुकी ६ बजे लाठी-भाटा लिएर घरमै प्रवेश गरी सामूहिक आक्रमण गरेको पीडित बिर्जा राम चमारले बताएका छन् ।उनका अनुसार घटनापछि इलाका प्रहरी कार्यालय सन्तपुरबाट आएको प्रहरी टोलीले कुटपिट गर्नेहरूलाई पक्राउ गर्नुको सट्टा आफू र आफ्नो छोरालाई नै पक्राउ गरी हतकडी लगाएर लगेको थियो । उनीहरूलाई थुनामा राखेर कुटपिटसमेत गर्दै इलाका प्रहरी कार्यालय विजयपुर पठाइएको आरोप छ ।स्थानीय समाजसेवी तथा फतुवा विजयपुर नगरपालिकाका मेयर प्रत्यक्षदर्शी विजय यादवका अनुसार कुटपिट गर्नेहरूलाई पक्राउ गर्नुको सट्टा पीडितलाई नै पक्राउ गरेपछि उनले प्रहरी निरीक्षक सुरेन्द्र यादवलाई फोन गरेर छोड्न आग्रह गरेका थिए । तर उहाँले कुरा नसुनेपछि मैले रौतहटका प्रहरी प्रमुख (एसपी) लाई फोन गरेँ, त्यसपछि मात्रै बिर्जा राम र उनका छोरालाई थुनामुक्त गरिएको हो, उनले भने । पीडितका अनुसार घटनाको एक सातासम्म पनि जाहेरी दर्ता गरिएको छैन । आइतबार र सोमबार इलाका प्रहरी कार्यालय विजयपुरमा गएर जाहेरी दर्ताको आग्रह गर्दा प्रहरी निरीक्षक यादवले वास्ता नगरेको र उल्टै थर्काउने गरेको आरोप छ । यता प्रहरी निरीक्षक सुरेन्द्र यादवले भने विपक्षीपक्षका एक जनाको टाउको फुटेको र निर्वाचनको संवेदनशीलता भएकाले उनीहरूलाई पक्राउ गरिएको बताएका छन् ।


निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहामैनपुर गाँउपालिकाको कार्यालय, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जगरनाथपुर गाँउपालिकाको कार्यालय,पर्सा